आज मिति २०८१/०४/०४ गते शुक्रबारको दिन बिहान ८:०० बजे यस परवानीपुर गाउँपालिकाका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मीज्यूको अध्यक्षतामा यस परवानीपुर गाउँ कार्यापालिकाको तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थिती</u>

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मी | अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | सदस्य | |
| ४ | श्री महमदनुरुल होदा अंसारी | सदस्य | |
| ५ | श्री इब्राहिम मियाँ धोबी | सदस्य | |
| ६ | श्री गम्भिरा राउत कुर्मि | सदस्य | |
| ७ | श्री रामेश्वर साह कलवार | सदस्य | |
| ८ | श्री इन्द्रकलिया देवी चमैन | सदस्य | |
| ९ | श्री चिन्ता देवी पासवान | सदस्य | |
| १० | श्री लक्ष्मीना देवी नुनिया | सदस्य | |
| ११ | श्री कोहरी देवी भरिन | सदस्य | |
| १२ | श्री जगदिश राम | सदस्य | |
| १३ | श्री महन्थ राम हरजन | सदस्य | |
| १४ | श्री प्राण मेहता | सदस्य - सचिव | |

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : निर्णयको समिक्षा बारे ।

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतका कार्यपालिका बैठकबाट भएका सबै निर्णयहरुको कार्यान्वयनमा सन्तोषजनक प्रगति भएको निश्कर्ष निकालियो । यस अवधिमा गाउँकार्यपालिका कार्यालयबाट भएका सबै खर्च एंव भुक्तानी अनुमोदन गरियो ।

प्रस्ताव नं. २ : करार नवीकरण बारे ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा बमोजिम कार्यसम्पादनमा ८० प्रतिशत भन्दा बढी अंक प्राप्त गरेका सम्पूर्ण कर्मचारी आ.व. २०८१ पौष मसान्त सम्मलाई साविक शर्त तथा सेवा सुविधा रहने गरी करार नवीकरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ : डीपीआर बारे ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा परवानीपुर गाउँपालिका वडा नं. ३, लिपनीमालमा रहेको गुदरी बजारलाई व्यवस्थित रुपले पूर्वाधार विकास गरी संचालन तथा व्यवस्थापनको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने तथा उक्त कार्यको लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्शदाता छनौट गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ : लाभांश कर वापतको रकम उपलब्ध गराउने बारे ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा परवानीपुर गाउँपालिका वडा नं. २, रामपुर टोकनीमा रहेको रामपुर स्वास्थ्य चौकीलाई स्तरउन्नती गरी १५ शैया अस्पताल निर्माण गर्ने प्रयोजनका लागि जग्गादाता परवानीपुर गा.पा. वडा नं. २, रामपुरटोकनी निवासी श्री रामप्यारी तेलीनले साविक गा.वि.स रामपुर टोकनी वडा नं.६ कि.न.३९० क्षेत्रफल ०-६-१०-० (२२०१.०८ वर्ग मि.) जग्गा स्वास्थ्य चौकी रामपुरको नाम दान पत्रद्वारा लिखत पारित गरिदिनु भएकोले जग्गाधनीको तर्फबाट भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बारामा बुझाउनुपर्ने लाभकर (लाभांस) रु.५,५२,५००।– (अक्षरेपी रु. पाच लाख बाउन्न हजार पाँच सय मात्र।) रकम यस परवानीपुर गाउँपालिकाको कार्यालयले नै भुक्तानी गर्ने साथै हाल परवानीपुर गाउँपालिकाको खाता संचालनमा नरहेकोले तत्काल लाई स्वास्थ्य चौकी रामपुरका प्रमुख गृजेश कुमार गुप्ताबाट नगद व्यवस्थापन गर्न लगाई रकम तिर्ने र कार्यालयको खाता संचालन पश्चात "जग्गा खरिद" शीर्षकबाट गृजेश कुमार गुप्ताले तिरेका राजस्व वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ : विज्ञापन आव्हान गर्ने बारे ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा परवानीपुर गाउँपालिका वडा नं. २ को स्वास्थ्य चौकी रामपुर टोकनीमा रहेको ल्याबमा कार्यरत करार सेवाका कर्मचारी श्री सुमन कुमारी चौहानले व्यक्तिगत कारण देखाई राजीनामा दिई उक्त राजनीनामा कार्यालयबाट स्वीकृत समेत भईसकेको सन्दर्भमा रिक्त हुन गएको पद ल्याब टेकनिसियन (सहायक पाँचौं तह) उक्त पदमा यथाशीघ करार सेवा मार्फत पदपुर्ति गर्नुपर्ने भएकोले

भएकोले तपसिल बमोजिम सूचना स्थानीय स्तरको पत्रिका, कार्यालयको वेबसाईड तथा फेसबुकमा प्रकाशित गर्ने निर्णय गरियो ।

तपसिल

## करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८१/०४/०६)**

प्रस्तुत विषयमा यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको लागि करार-सेवामा मार्फत कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र तल उल्लेखित कागजात र राजस्व बुझाएको रसिद संलग्न राखि यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

| सि.नं. | विज्ञापन नं. | आवश्यक पद | संख्या |
|---|---|---|---|
| १ | ०१/०८१/०८२ | ल्याब टेकनिसियन(स.पाँचौ) | १ (एक) |

<u>*आवश्यक योग्यता तथा शर्तहरुः-*</u>

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब टेकनिसियन कोर्ष उतिर्ण गरेको|

२) अनिवार्य रुपमा काउन्सिल दर्ता भएको (म्याद ननाघेको)|

३) दरखास्त दिने अन्तिम मितिः- सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र – अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट)

४) उमेरको हदः- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

५) परीक्षा दस्तुरः- ५००।- (पाँच सय मात्र) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी पेश गर्नु पर्नेछ।

६) संलग्न राख्नु पर्ने कागजातः- उम्मेदवारले नागरिकता, तोकिएको न्युनतम शैक्षिक योग्यता, तालिम भए सो प्रमाणपत्रको प्रतिलिपीमा स्वयंमले प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ।

७) कम्तिमा एक बर्षको कार्य अनुभव भएको हुनुपर्ने छ|

८) परीक्षाको किसिमः- अन्तर्वार्ता

९) परीक्षा मितिः- पछि सूचना प्रकाशित गरी जानकारी गराइने छ।

१०) काम गर्नु पर्ने स्थानः-स्वास्थ्य चौकी रामपुर|

११) पारिश्रमिक तथा अन्य सुविधाः- सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम।

१२) कार्य अवधीः नियुक्ति मितिले ६ (छ) महिना, कार्य सम्पादन राम्रो भएमा म्याद थप गर्न सकिने।

१३) तोकिएको म्याद भित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको तथा अन्य रित नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

१४) गर्नु पर्ने कामको विवरणः- कार्यालयको आवश्यकता तथा कार्य सम्झौता अनुसार ल्याब असिस्टेन्ट पदले गर्नु पर्ने कार्यहरु।

१५) दरखास्त फारम यस कार्यालयको वेवसाइट www.parwanipurmun.gov.np बाट निःशुल्क डाउनलोड गर्न सकिने छ।

१६) उपरोक्त बमोजिमको सेवा कुनै पनि समय कारण खुलाई वा नखुलाई रद्द गर्न सक्ने अधिकार गाउँपालिकामा सुरक्षित रहने छ।

प्रस्ताव नं. ६ : पदपुर्ति समिति गठन गर्ने बारे ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा निर्णय नं. ५ बमोजिम एक जना ल्याब टेकनिसियन (सहायक पाँचौ तह) पदपुर्ति गर्नका लागि तपसिल बमोजिमको पदपुर्ति समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- प्रशासन तथा योजना शाखा प्रमुख

सदस्य- गा.पा. अध्यक्षद्वारा तोकिएको एक जना अधिकृत स्तरको कर्मचारी

सदस्य सचिव- स्वास्थ्य सेवा शाखा प्रमुख

**प्रस्ताव नं. ७ : ल्याब टेक्निसियन पदपुर्ति सम्बन्धी कार्यविधी निर्धारण गर्ने बारे ।**

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा निर्णय नं. ६ बमोजिम करार सेवा मार्फत पदपुर्ति हुने ल्याव टेकनिसियन (सहायक पाँचौ तह) पदपुर्ति यथासीघ्र गर्नुपर्ने भएकोले ५० (पचास) अंक अन्तर्वार्ता मात्र संचालन गरी पदपुर्ति गर्ने र उक्त ५० अंकको अंक विभाजन तपसिल बमोजिम गर्ने । साथै अन्तर्वार्ता परिक्षा संचालनको लागि ३ सदस्य अन्तर्वार्ता समिति गठन गर्ने ।

तपसिल

अन्तर्वार्ता परिक्षा अंक विभाजन

१. अनुभव- १० अंक (प्रति वर्ष २ अंकको दरले बढी ५ वर्ष सम्मको लागि)
२. विषयवस्तुको ज्ञान – १५ अंक
३. व्यक्तित्त्व परिक्षण – १५ अंक
४. स्थानीयता – सम्बन्धित स्थानीय तहको वासिन्दा भएमा १० अंक र सम्बन्धित स्थानीय तह भन्दा बाहिर वासिन्दा भएमा – ५ अंक प्रदान गर्ने

अन्तर्वार्ता समिति

१. प्रमुख प्रशासकीय अधिकृत
२. जिल्ला स्थित प्रदेश स्वास्थ्य कार्यालयबाट खटिईएको ल्याब सम्बन्धी अधिकृतस्तर कर्मचारी
३. गाउँपालिकाको स्वास्थ्य सेवा शाखा प्रमुख